चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम ।

प.सं - २०८१/८२
च.नं. -

मिति - २०८१/०४/१४

# कागजात सहित निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विपयमा प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगरको च.नं २ मिति २०८१/०४/०७ को पत्र र सोही साथमा प्राप्त स्थानीय सरकारी सेवा (गठन तथा संचालन), ऐन २०८० को दफा १६ खण्ड (ग) को उपखण्ड ३ वमोजिम बिज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ वमोजिम स्थानीय तहमा कर्मचारी समायोजन हुंदाका वखत स्वीकृत स्थायी दरवन्दी मध्ये पदपुर्ती गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ती भई स्थानीय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुँदाका वखत देखि सेवामा अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोकसेवा आयोगवाट एक पटकका लागि त्यस्ता कर्मचारीहरु मात्र सहभागी हुन पाउने विज्ञापन प्रकाशन गरिनेछ ।उक्त विज्ञापनमा उम्मेद्वार हुन त्यस्ता कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन भन्ने उल्लेख भएको।

उक्त व्यवस्था अनुसार पदपुति गर्न माग आकृति फारम पठाउने भनि प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश विराटनगरको पत्रानुसार स्थानीय तहमा कर्मचारी समायोजन हुदाका वखत यस गाउँपालिकाको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ती गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ती भई विज्ञापन प्रकाशन गर्ने सम्बन्धि कार्यविधि, २०८१ को दफा २ (ख) अनुसार हाल सम्म अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८१।०४।२० गते) स्थानीय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुंदाका वखत देखि अविच्छिन्न रुपमा हाल सम्म कार्यरत भएको कागजात र न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको छायाँप्रति र अन्य सेवा संग सम्बन्धित कागजातहरु सहित तोकिएको समय सिमा भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधि भित्र कागजात प्रमाण सहित निवेदन पेश नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्वन्धित सबैमा सूचित गरिन्छ ।

२०८१।०४।१४

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत

Website: www. chulachulimun.gov.np Email : *chulachuli.ruralmunicipality@gmail.com*
*“कृषि पर्यटन र पूर्वधारमा उन्नति, चुलाचुली गाउँपालिकाको समुन्नति”*